श्री

राजस्व न्यायाधिकरण काठमाडौ

इजलास

मानननीय अध्यक्ष श्री किशोर सिलवाल

राजस्व सदस्य श्री जीवन कुमार घिमिरे

फैसला

२०७६/०७७ सालको निर्णय नं. १७

पुनरावेदन नं. ०७४-RB-०११३

मुद्दाः-आयकर(२०७२/०७३)।

मोरङ जिल्ला विराटनगर स्थित स्थायी लेखा नं.३०००१६०१३ का मैनावती स्टिल ईण्डष्ट्रिज प्रा.लि.को तर्फबाट संचालक तथा अधिकार प्राप्त त्रिलोकचन्द्र अग्रवाल.........................................................................................१ } पुनरावेदक

विरुद्ध

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.......................................१ } प्रत्यर्थी

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री रमणकुमार कर्ण

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत

शुरु निर्णय गर्ने कार्यालयः श्री ठूला करदाता कार्यालय, ललितपुर ।

शुरु निर्णय गर्ने पदाधिकारीः - प्रमुख कर प्रशासक बलराम रिज्याल ।

शुरु निर्णय मितिः २०७४/०४/१५

यसमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११५(८) र ११६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

तथ्य खण्ड

१. पुनरावेदक मैनावती स्टिल इण्डष्ट्रिज प्रा.लि.को आ.ब.२०७२/०७३ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ उद्योग स्थानिय विक्री तर्फ रु.१२,५२,९९,९९१/५७ उद्योग निकासी विक्री तर्फ रु.१,६०,६८,१२२/१८ र व्यापार तर्फ रु.४,८८,८५,२४३/६९ करयोग्य आय कायम गरी मिति २०७३/०७/२४ मा विवरण पेश गरेका रहेछन ।

२. प्रस्तुत करदाताको आ.व. २०७२/०७३ को कर परिक्षण गरी करदाताबाट पेश हुन आएका र आय विवरण साथ संलग्न कागजातहरु, फाँटवारी तथा प्रमाणहरुको अध्ययन, छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतबाट आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरु दावी गरेको तथा आयमा समावेश गर्नु पर्ने रकम समाबेश नगरेको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नु पर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१(६) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७४/०३/२५ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४/०३/२५ मा जारी भएको सूचना करदाताले मिति २०७४/०३/२५ मा सूचना बुझी लिइ सूचनाको जवाफ मिति २०७४/०४/०३ मा पेश गरेको ।

४. प्रस्तुत करदाताको आ.व. २०७२/०७३ का लागि उद्योग स्थानिय विक्री तर्फ रु.१२,७२,८४,२६३/८७(बाह्र करोड बहत्तर लाख चौरासी हजार दुइ सय त्रिसठ्ठी रुपैया सतासी पैसा), विशेष उद्योग निकासी विक्री तर्फ रु.१६३२१५०६/६५ (एक करोड त्रिसठ्ठी लाख एक्काइस हजार पाँच सय छ रुपैया पैसठ्ठी पैसा), र व्यापार तर्फ रु.४,९१,४०,७२१/४३(चार करोड एकान्नब्बे लाख चालिस हजार सात सय एक्काइस रुपैया त्रिचालिस पैसा) करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ बमोजिम शंसोधित कर निर्धारण गरी सोही ऐनको दफा ११८ र ११९ र दफा १२०(क) बमोजिम व्याज र शुल्क समेत गणना गरी कर दाखिला गर्न सुचना जारी गर्ने भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४/०४/०५ मा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७४/०४/०५ मा भएको कर निर्धारण आदेशमा चित्त नबुझी मैनावती स्टिल इण्डष्ट्रिज प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४/०६/०६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. आन्तरिक राजस्व विभागले आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा ८ बमोजिम ६० दिन भित्र प्रशासकिय पुनरावलोकनको निर्णय नगरेकोले प्रशसकिय पुनरावलोकनको निवेदन अस्विकार गरेको मानी पुनरावेदन गर्ने भन्ने पुनरावेदकले मिति २०७४/१०/२३ मा आन्तरिक राजस्व विभागलाई लेखेको पत्र ।

७. यसमा शुरु कार्यालयले मिति २०७४/०४/०५ मा संशोधित कर निर्धारण गर्दा ऋण वापत तिरेको व्याज आयकर गणनामा घटाउन पाउने अधिकार भएकोमा एक्रुअल आधारमा लेखा राख्ने यस कम्पनीले **Sundry Debtors** शिर्षकमा रहेको असुली हुन बाँकी रकम प्राप्त भइ सकेको मानी त्यसमा सोही बर्षमा कर समेत तिरी सकेको र कम्पनीले उक्त रकम उपरको हक त्याग नगरीसकेको अवस्थामा **Sundry Debtors** को अनुपातमा व्याज खर्च मिन्हा नदिने, **Advance To Suppliers** अन्तर्गत **Hulas, mainawati, Bhagawati JV** लाइ अग्रिम

रुपमा भुक्तानी दिएको रकमको व्याज खर्च अमान्य गरेको, गेष्ट इन्टरटेनमेन्ट अन्तर्गत खर्च भएको खर्चकट्टी अमान्य गरेको, कृषकहरुसंग सोझै खरिद गरिएका सामानहरुको बिल बिजक नहुने तथा व्यवसायको सिलसिलामा भाडाका ट्याक्सी प्रयोग गर्दा भएको खर्च अमान्य गरेको, तथा **Selling & Distribution** अन्तर्गत विक्री करारमा उल्लेख भए बमोजिम गरेको भुक्तानीलाई अमान्य गरेको कार्य कानुन विपरित र त्रुटी पुर्ण हुँदा उक्त निर्णय बदर गरी कर दस्तुर र व्याज दायित्वबाट उन्मुक्ती पाउँ भन्ने समेत यस न्यायाधिकरणमा मिति २०७४/११/१० मा दर्ता भएको पुनरावेदनपत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/१२/२७ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री रमण कुमार कर्णले एडभान्स रकमको व्याज उठ्ने भन्ने नै नहुने, मूल्य अभिवृद्धि कर, आयकरमा दर्ता भएको सप्लायर्सबाट खरिद भएको गेष्ट इन्टरटेनमेन्ट अन्तर्गतको मदिरा लगायतको खरिद रकम व्यवसायमा लगानी नभएको भन्न नमिल्ने, प्रशासनिक खर्च गर्न नपाउने भन्ने हुँदैन कृषकहरुले आफ्नो उत्पादनको विक्रीमा बिज बिजक नदिने तथा विभिन्न ठाउँमा व्यवसाय प्रवर्दनका लागी ओहोर दोहोर हुँदा ट्याक्सीको प्रयोग भएको र सो को समेत बिल बिजक नभएकोमा अनुमानका भरमा कागज प्रमाण पेश नगरेको भनी खर्च कट्टी अमान्य गर्न मिल्दैन । शुरु कार्यालयबाट भएको निर्णय बदर गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो ।

१०. त्यस्तै प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौका विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेतले कर्जा लिएपछी लगानी हुनु पर्ने र आयमा लगानी भएपछी प्रतिफल प्राप्त भएको तथा व्यावसायिक प्रयोजनका लागी कर्जा लिएको नदेखिँदा व्याज खर्च कट्टी दिन मिल्दैन । अग्रिम भुक्तानी गरेको रकम व्यवसायिक कारोबार भएको नदेखिएको हुँदा व्याज कट्टी पाउने हुँदैन । सामान्य खर्च कट्टी पाउने हो मदिरा लगायतमा गरेको खर्च सामान्य खर्चमा पर्दैन बिल भरपाई र प्रमाण बिना व्यवसायको आय बढाउन प्रयोग भएको भन्दैमा खर्च कट्टी दिन मिल्ने नहुँदा खर्च कट्टी अमान्य गरी आयमा समावेश गर्ने गरी भएको शुरु कार्यालयको निर्णय कानुन सम्मत हुँदा सदर कायम हुनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो ।

११. उपरोक्तानुसार दुवै पक्षका विद्धानहरुको बहस जिकीर सुनी शुरु मिसिल र पुनरावेदन मिसिल संलग्न कागजात हेरी शुरुको निर्णय मिले नमिलेको के रहेछ, पुनरावेदकको जिकीर पुग्न

सक्ने हो होईन? भनी हेर्दा निम्नानुसार देखिन आयो ।

**<u>क)असुली हुन बाँकी रकमको व्याज खर्च सम्बन्धमाः-</u>**

पुनरावेदक करदाताले **Hulas steel Ind/ Mainawati Steel Ind Pl.Jv, Sigma Construction-Mainawati Jv. KTM, Hulas/mainawati/Bhagawati JV** संग यस आ.ब.मा कारोबार भएको नदेखिएको उक्त कम्पनीहरुसंग ऋण रकम उठ्न बाँकी देखिइ उठ्न बाँकी रकमको ऋण रकमको औषत व्याज दर ५.४% ले हुने व्याज रकम रु१५६५८७९/१८ खर्च कट्टी दिन नमिल्ने भनी शुरु कार्यालयबाट निर्णय भएको देखियो । यी पुनरावेदकले बैकबाट ऋण लिएको बैक स्टेटमेन्टबाट देखिन्छ । आर्थिक कारोबार गर्दा **Debtors** रहनुलाई अस्वाभाविक मान्न सकिदैन। करदाताले शुरु कार्यालयमा पेश गरेको जवाफमा **Sundry Debtors** शिर्षकमा रहेको असुली हुन बाँकी रकम प्राप्त भइ सकेको मानी त्यसमा सोही बर्ष कर समेत तिरि सकेको भनी खुलाए तर्फ कुनै विश्लेषण भएको समेत पाइएन। **Sundry Debtors & Creditors** जिवन्त व्यवसायको नियमित र स्वभाविक कारोबार हो भन्ने आम धारणा भएको पाइन्छ ।पुनरावेदकले बैंकबाट लोन लिएको बैक स्टेटमेन्टबाट देखिइ रहेको स्थितिमा **Debtors** देखियो भन्दैमा बैंक कर्जा वापत बैंकलाई तिरेको व्याज आधार कारण बिना उठ्नु पर्ने रकम नउठाएको भनी ऋण रकमको ब्याज खर्च अमान्य गरेको शुरु कार्यालको निर्णय आयकर ऐन, २०५८ को दफा १४ विपरित भै मिलेको देखिएन ।

**<u>ख) वितरकलाई दिएको पेश्की (Advance to Suppliers) सम्बन्धमाः-</u>**

पुनरावेदक करदाताको यस आ.ब.को वासलातमा **Hulas/mainawati/Bhagawati JV** समेतलाई अग्रिम भुक्तानी दिएको र आफुले बैकबाट ऋण लिई व्याज खर्च दावी गरेको देखियो । यस आ.ब.मा कनै कारोबार नभएको सप्लायर्सलाई अग्रिम भूक्तानी दिएको रकम बराबरको ऋण रकमको औषत व्याज दरले हुने रकम खर्च कट्टी दिन नमिल्ने भनी शुरु कार्यालयबाट निर्णय भएको अवस्था छ । आ.ब. भित्र पेश्की दिएको रकम व्यवसायको आय आर्जनमा प्रयोग नभएको तथ्य कुनै कारोबार नभएबाट पुष्टी भइ रहेको र आँफैले ऋण लिइ व्याज तिरेको अवस्थामा पेश्की दिएको रकम बराबरको औषत व्याज खर्च हिसाब गरी अमान्य गरेको शुरु कार्यालयको निर्णय आयकर ऐन, २०५८ को दफा १४ बमोजिम अन्यथा भन्न मिल्ने देखिएन।

**<u>ग) गेष्ट इन्टरटेनमेन्ट खर्चः-</u>**

पुनरावेदक करदाताले रु.२,८२,५०७/- को मदिरा लगायत खरिद गरेको बिल प्रस्तुत गरी गेष्ट इन्टरटेनमेन्ट खर्च अन्तर्गत खर्च कट्टी दावी गरेको देखियो। मदिरा लगायतका खरिदमा खर्च भएको भनिएको उक्त रकम अस्वाभाविक रहेको र उद्योगको व्यवसाय आय आर्जन गर्ने कारोबार संग सरोकार नराख्ने असान्दर्भिक रहेको समेत देखिएको हुँदा त्यस्तो खर्च बिल भरपाई भएकै आधारमा मात्र कानून बमोजिम मानी खर्च कट्टी दिन आयकर ऐन २०५८

को दफा १३ बमोजिम नमिल्ने हुँदा उक्त खर्च कट्टी अमान्य गरेको शुरु कार्यालयको निर्णय कानून संगत हुँदा मिलेकै देखियो ।

**<u>घ) कर्मचारी कल्याण खर्च सम्बन्धमाः-</u>**

पुनरावेदक करदाताले कर्मचारी कल्याण खर्च अन्तर्गत रु.१,५४,८८१/- खर्च कट्टी दावी गरेको र कृषकसंग सोझै खरिद गरेकोले विल भरपाई नहुने प्रकृतिको भनी पुनरावेदन जिकिर लिएको देखियो। तर बिल भरपाई र कागज प्रमाण बिना दावी गरेको खर्च व्यवसायको आय आर्जन गर्ने कार्यमा प्रयोग भएको बास्तविक खर्च हो भन्न कानुन गत नहुँदा खर्च कट्टी नदिने गरी भएको शुरु कार्यालयको निर्णय मिलेकै देखियो।

**<u>ङ) अफिस कन्भेयन्स खर्च सम्बन्धमाः-</u>**

पुनरावेदक करदाताले अफिस कन्भेयन्स खर्च अन्तर्गत ट्याक्सी भाडा भनी रु.१,१५,९४६/२० खर्च कट्टी दावी गरेको देखियो । बिल भरपाई लगायतका कागज प्रमाण बिनाको खर्च कारोबार संग असम्बन्धित र अबास्तविक देखिएको हुँदा खर्च कट्टी अमान्य गरेको निर्णय मिलेकै देखियो।

<u>**च)** विक्री र वितरण(**Selling & Distribution**) **खर्च सम्बन्धमाः-**</u>

पुनरावेदक करदाताले विक्री र वितरण(**Selling & Distribution**) खर्च अन्तर्गत **Fright & Cartage** को रु.३,२८,३८०/- खर्च कट्टी दावी गरेको र विक्री करारमा उल्लेख भए बमोजिम भूक्तानी गरेको भनी पुनरावेदन जिकिर लिएको देखियो । तर पुनरावेदकले बिल भरपाई प्रमाण कागज पेश गरेको देखिएन । विक्री करारमा उल्लेख भए बमोजिम भूक्तानि गरेको भएतापनि बिल भरपाई कागज प्रमाण नहुने तथ्ययुक्त आधार कारण खुलाउन सकेको देखिएन । बिल भरपाई कागज प्रमाण बिनाको खर्च कारोबार संग सम्बन्धित र बास्तविक हो भन्न नसकिने हुँदा आयकर ऐन २०५८ को दफा १३ बमोजिम खर्च कट्टी अमान्य गरेको शुरुको निर्णय मिलेकै देखियो ।

१२. अतः माथी उल्लेखित आधार कारणबाट स्थायी लेखा नं.३०००१६०१३ भएका पुनरावेदक करदाता मैनाबती स्टिल इण्डष्ट्रिज प्रा.लि.को आ.ब.२०७२/०७३ को संशोधित कर निर्धारणका सम्बन्धमा शुरु ठूला करदाता कार्यालयबाट मिति २०७४/४/५ मा भएको निर्णयमा आसामीहरुबाट रकम नउठाएको भनी व्याज खर्च अमान्य गरेको हदसम्मको निर्णय मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी हुने ठहर्छ । अरुमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । तपशिल बमोजिम गर्नु ।

तपशिल

माथी ठहर खण्डमा लेखिए बमोजिम करदाता मैनाबती स्टिल इन्डष्ट्रिज प्रा.लि.को आ.ब.२०७२/०७३ को आयकर निर्धारणका सम्बन्धमा शुरु ठूला करदाता कार्यालय

ललितपुरको मिति २०७४/०४/०५ को निर्णयमा आसामीहरुबाट रकम नउठाएको भनी व्याज खर्च अमान्य गरेको हदसम्मको निर्णय उल्टी हुने ठहरी फैसला भएकोले पुनरावेदक करदाताले यस सम्बन्धमा राखेको धरौट रकम पुनरावेदकले फिर्ता माग गरे फिर्ता दिनु वा अन्य आ.ब.को कर रकममा समायोजन गरिदिनु भनी शुरु ठूला करदाता कार्यालय ललितपुरमा लेखी पठाईदिनू।.........................................................................१

विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई फैसलाको जनाउ दिनू।...............२

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू।...........................३

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।...............................................४

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा म सहमत छु ।

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नेः-
विश्वराज कुइकेल(शाखा अधिकृत)
इति सम्वत् २०७६ साल भाद्र महिना ९ गते रोज २ शुभम् ...........................